आज मिति २०८० साल माघ १७ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री छविलाल न्यौपाने | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रितेश तामाङ | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुर्जे तामाङ | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री यादव ठकुरी | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तेज बहादुर पराजुली | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री गृबिन्द्र कुमार चौंलागाई | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री रेवन्त दहाल | सदस्य सचिव | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| १ | श्री बालकृष्ण दाहाल | बरिष्ठ लेखा अधिकृत | |
| २ | | | |
| ३ | | | |

प्रस्तावहरु:

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. आ.व. २०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को नतिजा सम्बन्धमा ।
३. आ.व. २०८१/०८२ का लागि समपूरक तथा विशेष अनुदानका योजना छनौट सम्बन्धमा ।
४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका निर्देशन तथा सुझावहरु सम्बन्धमा ।
५. महिला सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८० सम्बन्धमा ।
६. जिल्ला समन्वय समितिसँगको साझेदारीमा संचालन गरिने योजना सम्बन्धमा ।
७. विविध सम्बन्धमा ।

निर्णयहरु:

१. अघिल्लो बैठकमा गरिएका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको पाइयो ।
२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम यस बलेफी गाउँपालिकाको आ.व. २०७९/०८०को संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) विषयक्षेत्र अन्तर्गतका सूचकहरुमा विषयगत शाखाबाट प्राप्त कागजातहरु प्रविष्ठी गरी प्रारम्भिक नतिजामाथि छलफल गरी देहाय बमोजिमको नतिजा स्वीकृत गरि अन्तिम नतिजाको रूपमा सार्वजनिक गर्ने निणय गरियो।

| क्र.सं. | विषय क्षेत्र | पूर्णाङ्क | जम्मा प्रासाङ्क | जम्मा प्रासाङ्क (प्रतिशत) | कैफियत |
|---|---|---|---|---|---|
| १. | शासकीय प्रबन्ध | ९ | ९ | १००% | |
| २. | सङ्गठन तथा प्रशासन | ८ | ६.५ | ८१.२५% | |
| ३. | वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन | ११ | ७.५ | ६८.१८% | |
| ४. | वित्तीय तथा आर्थिक व्यवस्थापन | ११ | ७.२५ | ६५.९१% | |
| ५. | सेवा प्रवाह | १६ | १४.५ | ९०.६३% | |
| ६. | न्यायिक कार्यसम्पादन | ७ | ७ | १००% | |
| ७. | भौतिक पूर्वाधार | १३ | ८.७५ | ६७.३१% | |
| ८. | सामाजिक समावेशीकरण | १० | ७.७५ | ७७.५% | |
| ९. | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ४ | ४४.४४% | |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | सहकार्य र समन्वय | ६ | ३.५ | ५८.३३% | |
| | | १०० | ७५.७५ | ७५.७५% | |

३. आ.व.२०८१/०८२ को लागि बलेफी गाउँपालिकाले संघीय समपूरक, विशेष र प्रदेश समपूरक, विशेष अनुदान कार्यविधि निर्देशिकामा तोकिए अनुसार तपशिल बमोजिमका योजना तथा कार्यकमहरुको प्रस्ताव तयार गरि पेश गर्ने निर्णय गरियो।

तपशिलः

संघ तर्फ समपूरकः

- कोठे विन्जेल धुस्कोट ओमपार्क सडक निर्माण स्तरोन्नति
- गढीडाँडा संरक्षण तथा बुद्धपार्क निर्माण
- लामोसाँघु टोप्का पहरी गाउँ सडक स्तरोन्नति

प्रदेश तर्फ समपूरकः

- खाडीचौर पुरानोगाउँ चिम्लिङ सडक स्तरोन्नति
- जलविरे फुल्पिङकोट धुस्कोट सडक स्तरोन्नति
- ७४ किलो काभ्रे फलाटे अदमारा सडक स्तरोन्नति
- जंगारे अदमारा मेलडाँडा डाँडागाउँ सडक स्तरोन्नति

संघ विशेष अनुदानः

- अँधेरी मांखा ब्वाँसे सडक स्तरोन्नति
- युवा लक्षित उद्यमशिलता विकास कार्यक्रम
- बाल उद्यान निर्माण
- फुल्पिङडाँडा स्वास्थ्य चौकी - ४

प्रदेश विशेष अनुदानः

- कृषि उत्पादन वृद्धिका लागि क्षमता विकास तथा औजार खरिद
- शिक्षा (शैक्षिक सुधार कार्यक्रम)
- कपिलेश्वर बृद्धाश्रम व्यवस्थापन जलविरे-१
- फलाटे बृद्धाश्रम व्यवस्थापन वडा नं. ५
- समावेशीकरण तथा प्रभाहिकरण

४. अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभिन्न मितिमा जारी गरेका निर्देशन तथा सुझावहरु माथि छलफल गरिनुका साथै आगामी दिनमा उक्त सुझाव तथा निर्देशनलाई ध्यानमा राखी कार्य संचालन गरिने निर्णय गरियो ।

५. बलेफी गाउँपालिकाको महिला सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

६. जिल्ला समन्वय समिति, सिन्धुपाल्चोक सँगको साझेदारीमा देहायका योजनाहरु संचालन गर्ने सिफारिस गर्ने निर्णय गरियो ।

क. रोक्का टोल एक घर एक धारा खानेपानी आयोजना वडा नं. ४

ख. च्यानडाँडा एक घर एक धारा खानेपानी आयोजना वडा नं. ३

ग. २ नं. वडा कार्यालय परिसर घेराबार वडा नं. २

घ. मांखा स्वास्थ्य ईकाई परिसर घेराबार वडा नं. ६

७. विविध

क. यस बलेफी गाउँपालिका वडा नं. ३ मा रहेको फुल्पिङकोट स्वास्थ्य चौकी भवनको निर्माण कार्य अधुरो रहेको र निर्माण कम्पनीले हाल काम नगरी अलपत्र अवस्थामा छाडेको हुँदा उक्त स्वास्थ्य चौकी भवनको निर्माण कार्य यथाशिघ्र शुरु गरि समयमा नै सम्पन्न गर्नका लागि सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

ख. बलेफी गाउँपालिका वडा नं. ७ खाडीचौर (साविक माङ्खा गा.वि.स. वडा नं. ६) मा रहेको यू.एम.बचत तथा ऋण सहकारी संस्था लि. ले निक्षेपकर्ताहरुको बचत रकम फिर्ता नगरेको र हाल कार्यालय समेत बन्द गरी संचालक तथा व्यवस्थापक सम्पर्क विहीन रहेको हुँदा बचत निक्षेप बापतको रकम दिलाई पाउँ भनी यस कार्यालयमा निवेदन दिएकाले कानून बमोजिम जिम्मेवार व्यक्तिलाई कारवाही गरि बचतकर्ताहरुको रकम उपलब्ध गराईदिनका लागि सम्बन्धित निकायलाई पत्राचार गर्ने निर्णय गरियो ।

ग. बलेफी गाउँपालिका ७ नं. वडा कार्यालय भवन उदघाटन कार्यक्रममा भएको खर्च रु.६१,४८०/- र उक्त कार्यालय स्थानान्तरण गर्दा भएको खर्च रु.२१,३९६/- वडा कार्यालयले पेश भएको विल भर्पाई बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

घ. बागमती प्रदेश सामाजिक विकास मन्त्रालयबाट चालु आ.व.मा बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रमका लागि विनियोजन भएको बजेटबाट यस पालिका भित्र रहेका तोकिएको मापदण्ड पुरा गरेका बालबालिकाहरुलाई दामासाहीले रकम वितरण गर्ने निर्णय गरियो ।

ङ. यस बलेफी गाउँपालिकाको चालु आ.व. २०८०/०८१ को स्वीकृत विद्यार्थीहरुलाई छात्रवृत्ति कार्यक्रमका लागि विनियोजित रकमबाट यस गाउँपालिका अन्तर्गतका अति गरिब तथा विपन्न परिवारका बालबालिकाको शैक्षिक निरन्तरताका लागि वार्षिक एकमुष्ठ प्रति विद्यार्थी रु.५,०००/- का दरले छात्रवृत्ति रकम उपलब्ध गराउने निर्णय गरियो ।

च. बलेफी गाउँपालिका वडा नं. ६ मा रेयुकाई एईको मासुनागा आँखा अस्पतालले संचालन गरेको आँखा क्लिनिकको घरभाडा बापतको रकम गाउँपालिकाले भुक्तानी गर्ने निर्णय गरियो।

छ. बलेफी गाउँपालिका वडा नं. २ बस्ने दामोदर न्यौपानेको उपचारका लागी रू. २५,००० र बलेफी गाउँपालिका वडा नं. ८ बस्ने सुनिल तामाङको उपचारका लागी रू.१५,००० आर्थिक सहयोग गर्ने निर्णय गरियो।

ज. बलेफी गाउँपालिका वडा नं. ३ मा रहेको मोहन कृषि तथा पशपंक्षी फर्ममा भएको आगलागिको क्षतिपुर्ति वापत निजलाई विपद कोषबाट रु.५०,०००/- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

झ. साझा पावर कम्पनीद्धारा निर्माणाधिन तल्लो बलेफी जलविद्युत आयोजनाको अति प्रभावित क्षेत्र भित्र यस गाउँपालिकाको सबै क्षेत्र देखिएको हुँदा यस गाउँपालिकाको सबै वडा क्षेत्रलाई अति प्रभावित क्षेत्र कायम गरिदिन सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।